NNSWA GESI Policy 2018

# NNSWA

## Nepal National Social Welfare Association

Kanchanpur

# NNSWA GESI Policy-2018

onal Social
sociation
WA)
Bheemdatt
ranagar)
Ward-# 18,
nchanpur
7, Nepal
7-99-522182
.net.np
rg.np

"An Organization working for an Equitable Society"

NNSWA GESI Policy Approved by Executive Committee on 31st August 2018

# बिषय सूची

**बिषयः** **पानाः**

दुई शब्द A

## "खण्ड-क"

## Organizational Introduction

1. **Background:** 1
2. **Vision:** 1
3. **Mission:** 1
4. **Goal:** 1
5. **Objectives:** 1
6. **Target Groups:** 2
7. **Strategies:** 2
8. **Development Philosophy/Strategy of NNSWA:** 2
9. **NNSWA Executive Board:** 2
10. **Core Management Team:** 2
11. **Senior Management Team (SMT):** 2
12. **Branch Offices:** 3
13. **Policy Amendment:** 3
    a) **External Requirements:** 3
    b) **Regular Revise:** 3
    c) **Clarification Rights:** 3
14. **Programme Area of NNSWA:** 3
15. **Descriptions of the Program Sectors:** 3
    a) **Education Sector:** 3
    b) **Health Sector:** 4
    c) **Livelihood, Economic and Community Development Sector:** 4
    d) **DRR/HR Sector:** 4
    e) **Good Governance Sector:** 4
    f) **Organizational Development Sector:** 4
    g) **Human Rights and GESI:** 4

# "खण्ड-ख"

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण निर्देशिका


१. पृष्ठभूमीः ५

२. नितिको औचित्य : ५

३. परिभाषा : ६

४. नितिको उद्देश्य : ७

५. कार्यान्वयन : ७

६. संरचनाको तहः ८

७. कार्यसमितीको गठनः ८

८. कर्मचारी छनौट : ८

९. बिदा नीतिः ८

१०. परियोजना तथा कृयाकलापको तहः ८

११. अन्य व्यवस्थापन : १०

१२. भौतिक संरचनाः १०

१३. जेसि (GESI) फोकल व्यक्तिः १०

१४. नितिको कार्यान्वयन क्षेत्रः १०

१५. पारर्दशिता र जवाफदेहिताः १०

१६. आचार संहिता, बाल सुरक्षा, दुराचार तथा गुनासो नीतिः ११

१६. नीती परिमार्जनः

**दुई शब्द**

नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA) द्वारा संस्थाका पदाधिकारी एवं कर्मचारीहरुका लागि छुट्टै **NNSWA: लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण  नीति २०७५** र अग्रेजीमा **(NNSWA: Gender Equality and Social Inclusion Policy 2018)** तयार पारी लागु गरिएको छ । यस भन्दा पूर्ब NNSWA ले NNSWA Development Strategy/Philosophy includes GESI आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण लाई सम्बोधन गर्दैआएको थियो तर एउटा छुट्टै GESI Policy को आवश्यक्ता महशुस गरी यो GESI Policy 2018 तयार गरी लागू गरिएको हो ।

यो **"NNSWA: लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण  नीती २०७५ (GESI Policy 2018)"** ले सकेसम्म कर्मचारीहरु द्वारा गरिने कृयाकलाप तथा प्रशासनिक कार्यलाई तथा संस्था भित्र GESI नीतिका आधारमा सहिदिशा दिई कार्यकमको गुणस्तरियता र कर्मचारीबाट समेत GESI Policy 2018 लाई आत्मसात गरी गरिने सामुदायिक तथा संस्थागत बिकास कार्यको कार्यावन्यन गर्न सक्नेछन भन्ने विश्वास गरिएको छ ।

यो **नीति २०७५** लाई दुई भागमा बाडिएको छ । खण्ड (क) ले NNSWA को पृष्ठभूमी, दृष्टिकोण, ध्येय, उद्धेश्य, कार्य बिकास दर्शन तथा रणनीति आदीका बारेमा अग्रेजीमा बर्णन गरेको छ भने, खण्ड (ख) ले NNSWA लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७५ बिषयमा नेपालीमा बर्णन गरेको छ ।

यस नीति २०७५ अर्थात GESI Policy 2018 तयार गर्नमा_NNSWA का पदाधिकारीहरु, कर्मचारीहरु र NNSWA का साझेदारहरुको महत्वपूर्ण भूमिका रहेको छ । यसर्थ सबै सहयोगी मित्र, साझेदार संस्थाहरु, संस्थाका पदाधिकारीहरु, कर्मचारीहरु र NNSWA का लक्षित समुदाय प्रति आभार तथा कृत्यज्ञताका साथ धन्यबाद प्रदान गर्न चाहन्छौं ।

धन्यबाद,

कार्यकारी निर्देशक तथा<br>संस्थापक अध्यक्ष<br>NNSWA

# "खण्ड-क"

# Organizational Introduction

## 16. Background:

Nepal National Social Welfare Association (NNSWA) was itself established in the year 2046-10-5 B.S. (18th January 1990) in Kanchanpur district. It was formally registered with the District Administration Office, Kanchanpur on 1st Jestha 2051 B.S. (May 15th 1994) and associated with the Social Welfare Council on 17th Bhadra 2051 B. S (September 2nd 1994).

NNSWA has grown over the years by administering a Save the Children US funded Scholarship and Endowment Program to be the leading Community Development organization in Kanchanpur and to a large extent in the province number 7 (Far Western Developmental Region) and province number 5 (Mid-West Region) of Nepal. Health (School Health and Nutrition, Integrated Health Services for the PLAs with HTC, Physical Rehabilitation Centers for people with disability, Adolescent Reproductive and Sexual Health, Water and Sanitation, Safe Motherhood), Transboundary Water Governance, Livelihood, Economic and Community Development, Education and Early Childhood Development, Disaster Risk Reduction, Humanitarian Response, Advocacy and Natural Resource Management constitute its core focus and expertise. NNSWA as a civil society organization implementing its services to the communities in needful geographical areas with follow the vision, mission, goal, objectives, target communities and working strategies/philosophy as state below.

## 17. Vision:

NNSWA strives towards an equitable society.

## 18. Mission:

NNSWA is committed to empower and ensure the social rights of the 3D (Dalits, Disabled and Deprived) people.

## 19. Goal:

Target People 3D (Discriminated by Caste (Dalit), Disable and Deprived) will be educated, healthy, and wealthy and empowered in all aspects to utilize the human rights

- Educated: Literate and dignified and self-awareness
- Healthy: Access and utilization of basic health service
- Wealthy: Can fulfill the basic needs and self-dependent (Above Poverty Level)
- Empowered: Able to utilize the human rights and advocate himself or herself

## 20. Objectives:

- To enhance the standard of education and provide educational opportunities to the Deprived, Discriminated Community by Caste (Dalit), and disabled group in the community
- To provide health services to those in the target area
- To advocate rights for women and children
- To improve access to human rights
- To create leaders from the 3D communities through the skill development and capacity building trainings
- Work for livelihood options, poverty alleviation, DRR/HR, Climate Change and Adaptation, Water Governance, research and studies


## 21. Target Groups

- Discriminated Community by Caste (Dalit)
- Disable (People with Disability)
- Deprived (Freed Kamaiya, Kamlahari, Displaced People, Women, Children and PLWHAs)

## 22. Working Strategies

- Partnership-with the government, donors, INGOs, local NGOs and CBOs
- Participatory Integreated Rural Development
- Gender programming
- Rights based programming and Networking, Alliance and Coalition Building

## 23. Development Philosophy/Strategy of NNSWA




## 24. NNSWA Executive Board

The General Members constitute the General Assembly of NNSWA 11 members of this General Assembly constitute an Executive Committee. Executive Members are elected by the General assembly for a term of 5 years. The Executive Committee has 6 Office Bearers (President, Vice-president, General Secretary, Secretary, Treasurer and Vice-treasurer) and 5 Executive Members. The Executive Committee is the legally constituted body responsible for providing strategic and policy direction to NNSWA.

## 25. Core Management Team

Core Management Team (CMT) is the very power full committee where President and Secretary General from Executive Board and Executive Director from the Employees are the members. This committee has power to make decision in any aspect of the situation. The president is the coordinator for this committee. Secretary General and Executive Director are members. Mostly this committee will be active during the emergency; any problems need to be final decision and solution. The committee has power to provide final decision on programmatic and any grievances, any case from the sub committees (e.g. Child Safety, Sexual Harassment, Grievance etc.).

## 26. Senior Management Team (SMT)

The Senior Management Committee (SMT) provides operational leadership. The Management Committee also serves as a bridge between the Executive Committee and NNSWA's programs. The NNSWA program operational is managing by the SMT under the planned programs. The human resource management for projects and coordination to the employee are the major activities of SMT of NNSWA. Senior top most staff will be involved in the SMT. Executive director will be the coordinator for the SMT. Executive Director will nominate the members among the programs/projects and request to representative of executive board. The executive committee of NNSWA will be indorsed the SMT and committee will be effective.

## 27. Branch Offices:

The district chapter of NNSWA will also apply this policy as central office mended. The district office will allow for developing their local policy for fulfills their local requirement but the local policy should not contradict or supersede the NNSWA central policies.

## 28. Policy Amendment:

The terms, conditions, rules and regulation of this GESI policy 2018 will be amended at any time if deemed necessary, through written amendments issued by the NNSWA, Executive Director. This may be done as follows:

### d) External Requirements:

Due to any reason of national environment is not favorable for the organization or the rules and regulation of Government of Nepal that pushes to amendment the policy and in such cases, the Executive Director will be authority to issue a written amendment to this policy in consultation with Executive Board, SMT and branch office program manager or coordinators.

### e) Regular Revise:

Under normal circumstances, any employee may (and are encouraged to) propose changes in the NNSWA GESI Policy 2018. All proposed changes will normally be considered during periodic review, annual meeting (General Assembly) etc. within the policy. However, critical changes if required and will be added any time during the process of CMT, SMT and Executive Board meetings.

### f) Clarification Rights:

The Executive Director will incorporate all the approved changes in the NNSWA GESI Policy 2018 and will disseminate to all employees. In case of clarification/interpretation of the policy, the Executive Director has the final authority to interpret the policy and to clarify any question or misunderstanding concerning of any clauses contained in this policy.

## 29. Programme Area of NNSWA:

NNSWA's programs are almost entirely grant funded approaches of partnership. NNSWA' program activities are organized into 7 Program Sectors and Themes namely, Education, Health, Livelihood, Economic and Community Development, DRR/HR, Good Governance, Organizational Development, Human Rights and GESI. According to the NNSWA’s expertise there will be conducted research and studies as and when required. All sector will focus their program and activities to the Discriminated Community by Caste (Dalit), Disabled and Deprived communities as prime target groups. These programs are either directly implemented by NNSWA or in partnership with local organizations.

## 30. Descriptions of the Program Sectors:

### a. Education Sector:

To improve the education quality and promoting engagement of parents, improving reading habits of student, creating civic education, involvement of local governments are the focus priorities of the NNSWA. Facilitate and providing expertise of NNSWA for the educational training, new ideology and improving the physical environment of the school are major activities for the NNSWA under education sector. If opportunity will be provided to NNSWA by government or any funding agencies, NNSWA will implement Basic Education (BE), early childhood development (ECD) and None Formal Education (NFE) as well as physical improvement of the school.

### b. Health Sector:

NNSWA will implement the following programs and activities under the health sector.

- Nutrition
- Adolescent Reproductive Sexual Health
- Expended Integrated Health Service for HIV and AIDS, PWIDs, CCC
- HIV Test and Counseling (HTC)
- Tuberculosis (TB)
- Trachoma Reduction through School Health Program
- Water and Sanitation (WATSAN)
- Physical Rehabilitation Services with Physiotheraphy (Disability)
- Leprosy, Malaria, Safe Motherhood
- Eye, Diabetes etc.

**c. Livelihood, Economic and Community Development Sector:**

- Poverty Alleviation Programme
- Economic Opportunities through agro-vet program
- Micro Finance (Saving & Credit, Cooperatives, Group loan system)
- Pocket production through value chain and marketing

**d. DRR/HR Sector:**

- LSR, FA and EWS, Mobilizing CDMC, MOCK Dirill, Stock Piling
- Humaniterian Support
- Support to Government for Humaniterian Response
- Work for resilient community

**e. Good Governance Sector:**

Under this sector, NNSWA will work for promoting good governance within the organization (NNSWA) and support to promote good governance in local government as well as other civil society. Rights to information (RTI), transparency, accountability, responsibility and right of citizens are the major part of the work.

**f. Organizational Development Sector:**

Institutionalization of the system in organization, policy guided activities, skilled staffs, system oriented and timely service delivery are the part of the sector. Providing trainings to the staff, policy development, HR management and resource mobilization are such activities accumulated within the sector.

**g. Human Rights and GESI:**

The human rights and GESI (Gender Equity and Social Inclusion) will be applying as cross cutting approaches in all programme, activities and organizational development part of the NNSWA. The planning of the project or programs are also applying the HR/GESI throughout the project/program management cycles.

# "खण्ड-ख"

# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण निर्देशिका

## १. पृष्ठभूमीः

नेपालको सन्दर्भमा GESI (Gender Equity and Social Inclusion) अर्थात लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सवालले व्यापक रुप लिईरहेको छ । पछिल्लो शताब्दीमा एसियाली मुलुकहरुले लैङ्गिक समानताका सवालका विषयमा केहि उपलब्धी हासिल गरेको पाइन्छ तर नेपालमा भने GESI (Gender Equity and Social Inclusion) अर्थात लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लाई सरकारी तथा गैरसरकारी संस्था क्षेत्रमा सुरुवाती पहल भईरहेको छ । पछिल्लो चरणमा भएका विभिन्न गतिविधीले यसको सम्बोधन गर्ने प्रयास गर्‍यो तर विभेद अन्त गर्न लैङ्गिक समानता र सामाजिक न्यायले स्थान पाउन अझ थप प्रयास गर्नु पर्ने महसुश गरिएको छ ।

नेपाल राष्ट्रिय समाज कल्याण संघले महिला सशक्तीकरणका लागि भनेर विगत लामो समय देखि महिला सशक्तीकरण, शिक्षा, स्वास्थ्य, कृषी तथा सुशासन लगायत मानव अधिकारको क्षेत्रमा काम गर्दै आइरहेको छ, । यी सबै कार्यक्रमहरुमा महिलाहरुको उक्तिकै समान सहभागिता रहेको छ भने उक्त कार्यक्रमहरुका माध्यमबाट समाजमा हुने तथा महशुस गरिने विभेदीकरणलाई अन्त्य गरी सामाजिक न्यायको लागि पनि उत्तिकै महत्वपूर्ण भुमिका निर्वाह गर्दै आइरहेको छ । अझै विभिन्न कार्यक्रम/परियोजना, निति निर्धारण प्रक्रिया तथा संस्थागत नेतृत्व गर्न सक्ने क्षमता भएर पनि लैङ्गिक हिसाबले महिलाहरुको वा बहिस्कृत समुदायहरु मुलधारमा आउन सकेको पाइदैन । यसर्थ नेपाल सरकार लगायत विभिन्न दातृ निकायहरुले यस क्षेत्रको विकासका लागि मनज्ञ रकम खर्च गरेपनि लैङ्गिक रुपले यसको न्यायसंगत हुन सकेको छैन । त्यसैले नेपाल राष्ट्रिय समाज कल्याण सघंले "लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति २०७५" (GESI Policy 2018) लैङ्गिक समानता तथा सामाजिक समावेशिका लागी संस्थागत गर्न र महिलाहरुलाई मुलधारमा ल्याउनका लागी कार्यावन्यन गर्नेछ ।

## २. नितिको औचित्य :

नेपालको विद्यमान अवस्थामा महिलाहरुप्रतिको सम्मानजनक व्यवहार छैन । पछाडी पारिएका सिमान्तकृत, विपन्न, गरिब महिलाहरु जाति, वर्ग, तथा धर्मका आधारमा वञ्चितीमा परेका छन् भने अपाङ्गता भएका व्यक्तिहरुको कुनै पनि क्षेत्रमा समान सहभागिता भएको पाइदैन । अझै पनि महिलाहरु घरेलु हिसां, बलात्कार, बेचबिखनमा परिरहेका छन् । पछिल्लो चरणमा केहि मात्रामा महिलाहरुको सहभागितामा वृद्धि भएपनि नेतृत्व गर्ने स्थान सम्म पुग्न नसकेको तथ्याङ्कले देखाउँछ । **नेपाल रष्ट्रिय समाज कल्याण सघंले** ७ नं प्रदेसमा महिला सशक्तीकरणका कार्यक्रम विभिन्न दात्रिनिकायहरु संगको साझेदारिमा सञ्चान गरिररहेका छौ र केहि कार्यक्रम संस्थाको नेतृत्वमा संचालन भईरहेका छन् यसले महिलाहरु तथा पछाडि परेकाहरुको हक, अधिकारका लागि स्थापना काल देखि नै आवाज उठाउँदै आइरहेको छ । घरेलु हिसां, बेचबिखन तथा बलात्कारमा परेका महिलाहरुको अधिकार सुनिश्चितताका लागि विभिन्न खालका अभियान

गर्दै संस्थागत रुपमा महिलाहरुको सहभागिता समान रुपले अगाडी बढाइरहेको छ । तथापी पनि पछाडि पारिएका सिमान्तकृत, विपन्न, गरिब महिलाहरु पुर्ण रुपले अधिकारबाट वञ्चित छन् । यसर्थ नेपाल राष्ट्रिय समाज कल्याण सघले संस्थागत रुपमा महिला, दलित, सिमान्तकृत, अपाङ्गतथा भएकाहरु, तेस्रोलिङ्गीहरुको समान सहभागितामा जोड दिई सरोकावालाहरुको पहिचान गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई बढावा गर्दै जेसी निति २०७५ (GESI 2018) अनुरुप नयाँ अभ्यासको सुरुवात गर्नेछ ।

## ३. परिभाषा :

क. संस्था : संस्था भन्नाले नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA) लाई बुझाउँनेछ ।

ख.पदाधिकारी : पदाधिकारी भन्नाले संस्थाका कार्यसमिति सदस्यलाई बुझाउँने छ ।

ग. निति : निति भन्नाले संस्थाको लैङ्गिक समानता तथा समावेशिकरण निति २०७५ (GESI Policy 2018) लाई जनाउँनेछ ।

घ. GESI : Gender Equality and Social Inclusion

घ. लैङ्गिक : महिला, पुरुष र तेस्रो लिङ्गीलाई जनाउने छ ।

ङ. गरिब : आर्थिक रुपमा कम्जोर, पहुँचबाट बन्चीत समुदाय भन्ने बुझिनेछ ।

च.पछाडि पारिएका समुदाय, वर्गः पछाडि पारिएका समुदाय, वर्ग भन्नाले थारु, दलित, मुक्तकमैया मूस्लिम महिला, आदिवासी जनजातिलाई जनाउँनेछ ।

छ.जोखिम : महिला, बालबालीका, अपाङ्गता, विपन्न, भौगोलिक विकटता रहेको समुदाय, वृद्ध वृद्धा आदि,

ज.समानता : सबैलिङ्ग, वर्गलाई समान अवसर र सहभागिता, व्यवहार, पहुँच र नियन्त्रणलाई जनाउँनेछ।

झ. समता : समानताका लागी सकारात्मक विभेद, अवसर प्रदान गर्नु ।

ञ. लक्षितवर्ग : लक्षित वर्ग भन्नाले महिला, युवा, किशोरकिशोरी, जेष्ठ नागरीक, अपाङ्ग, तेस्रोलिङ्गी तथा बालबालिकालाई बुझाउँनेछ ।

त. सशक्तीकरण : पछाडि पारिएको वर्गलाई सामाजिक रुपमा सक्षम बनाउन ज्ञान, सिप, क्षमता अभिवृद्धि गर्न अवसर प्रदान गर्ने ।

थ. अवसर : सबै लिङ्ग तथा वर्गको ब्यक्तिहरुलाई समान पहुँच र अवसर प्रदान गर्ने तथा सहभागिता र निर्णय प्रकियामा सहभागिता हुने ।

ड. क्षमता विकासः लक्षित समुदाय तथा पछाडि पारिएको समुदाय बर्गहरुलाई क्षमता विकास, सामाजिक, आर्थिक, राजनैतिक स्तरमा सशक्तिकरण गर्ने ।

ध. वन्चितीकरणः भन्नाले हक अधिकारबाट बञ्चित भएका, जोखीममा परेको र पछाडी पारिएको, सचेतना पुग्न नसकेको गरिब, सिमान्तकृत समुदायलाई जनाउँनेछ ।

ण. अपाङ्गता : भन्नाले शारिरीक रुपमा दैनिक जिवन पद्धतिका कार्यहरु गर्न गाह्रो भएका व्यक्तिहरुलाई जनाउँनेछ ।

ट. हिँसा : समाजिक वा ब्यैक्तिक कारणले कुनैपनि ब्यक्तिको मान सम्मानमा शारीरिक, मानसिक रुपमा ठेस् पुर्याएको अबस्थालाई जनाउनेछ ।

ठ. उत्पीडनः संस्थाको क्षेत्र भित्र पुरुषले महिलालाई, महिलाले पुरुषलाई, महिलाले महिलालाई, पुरुषले पुरुषलाई र तेस्रो लिङ्गीलाई मानसिक तथा शारीरिक तनाव वा असहजताको परीस्थती सृजना भएको अबस्थालाई जनाउने छ।

## ४. नितिको उद्देश्य :

यस नीतीको मुख्य उद्देश्य भनेको संस्थागत रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुरुप कार्यान्वयनमा निर्देशन प्रदान गर्ने र एकिकृत ढंगबाट कार्यक्रम/परियोजनाको कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाउने रहेको छ।

**४.१.** संस्थाले लैङ्गिक तथा सामाजिक समावेशीकरण नितिलाई संस्थागत गरी समुदायमा कार्यावन्यन गर्ने

४.२. लैङ्गीक तथा सामाजिक समावेशीकरण निति कार्यान्वयन गर्न सहजीकरण गर्ने।

४.३ लैङ्गिक तथा सामाजिक समावेशिकरण नितिको प्रभावकारी कार्यान्वयन का लागि सरोकारवालाहरुलाई आवश्यक ज्ञान प्रदान गरी मार्गनिर्देशन गर्ने।

## ५. कार्यान्वयन :

- संस्थाका मुल मान्यतालाई लैङ्गीक समानता तथा सामाजिक समावेशीकरणमुखी दृष्टिकोणबाट व्याख्या गर्दै त्यसलाई कार्यान्वयन गरिनेछ।
- लक्षित, पछाडि पारिएको समुदाय, वर्ग, व्यक्ति बिच सौहाद्रपुर्ण र सम्मानजनक कार्यसम्पादनको बातावरण सृजना गरिनेछ।
- कुनै पनि व्यक्तिलाई जात, धर्म, वर्गको आधारमा भेदभाव गरिनेछैन।
- संस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कार्यान्वयनका लागि स्थानिय निकाय, दातृनिकाय तथा सरोकारवालाहरु संग समन्वय गर्नेछ।
- संस्थाले वार्षिक तथा त्रैमासिक रुपमा नियमित लैङ्गिक समानता तथा सामाजिक समावेशकिरण निर्देशिका, प्रतिवेदन तथा अवस्थाका बारेमा समिक्षा गर्नेछ।
- संस्थाले लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण नितिमा आधारीत भई फारम तथा चेकलिष्टको सशोधन गर्नेछ।
- संस्थाले लङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निति, नियमन, कार्य तथा निर्देशिका र यस सम्बन्धी सबै प्रकारका सवालमाथि सहजीकरण गर्नेछ।
- संस्थाले छोटो तथा लामो समयका लागि लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण योजना तयार गरी लागु गर्नेछ।
- संस्थाले लैङ्गीक समानता तथा सामाजिक समावेशिकरणको सुनिश्चितताका लागि स्थानिय निकाय संग रचनात्मक समन्वय गर्नेछ।
- संस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी तथ्याङ्क तथा जानकारी संकलन गर्नेछ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण आधाामा तथ्याङ्कको व्यवस्थापन गर्ने छ।

## ६. संरचनाको तह

नेपाल राष्ट्रिय समाज कल्यण संघको विधान अनुसार संस्थाको कार्य समिति नै हुन हुनेछ।

**साधारण सदस्य र आजिवन सदस्य सम्बन्धि व्यवस्थापन।**

- सबै समुदायका महिलाहरुलाई विना भेदभाव समावेश गरिनेछ।
- दलित, मुक्त कमैया, मुक्त कमलहरी, सिमान्तकृत समुदायका महिलाहरुलाई साधारण शुल्क लिदाँ लचकता अपनाइनेछ
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुसार जातजाति, वर्ग तथा समुदाय आधारमा तालिम तथा गोष्ठी, भ्रमण आदिमा पठाउनलाई प्राथीमीकता दिईनेछ र थप अवसरहरुमा समान अवसर दिईनेछ।
- आगामी ३ वर्ष भित्रमा दलित, थारु महिला, अपाङ्गता, आदिवासीको उल्लेख्य सहभागिता गराइनेछ।

## ७. कार्यसमितीको गठन

- लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण अनुसार जातजाति, वर्ग तथा समुदायका आधारमा सबै सदस्यहरुलाई समाबेश गरी क्षमता अभिबृद्धिका लागि तालिम तथा गोष्ठी, भ्रमण आदिमा समान अवसर प्रदान गरिनेछ।

## ८. कर्मचारी छनौट :

- हरेक पदको विज्ञापन गर्दा महिला, थारु, दलित जनजातीहरुलाई पहिलो प्राथमिकतामा राखिनेछ
- महिला, थारु, दलित जनजातीहरुलाई समावेशिताको आधारमा थप अंक प्रदान गर्ने व्यवस्था गरिनेछ। (महिला ५, दलित ५, अपाङ्गता ५, थारु ५) सरकारको प्रावधान अनुसार थप अंक प्रदान गर्ने व्यवस्था गरिनेछ। माथीका सबै भएको खण्डमा १० अङ्क मात्र समता अनुरुप राखिनेछ।
- कर्मचारी नियमावलीका आधारमा कर्मचारी छनौट समितिमा लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण अनुसार ५ जनाको समिति गठन गरिनेछ। (कार्यसमिति, निर्देशक, कार्यक्रम संयोजक, सम्बन्धित निकायको स्रोत व्यक्ति र जेसी फोकल ब्यक्ति )

## ९. बिदा नीती

बर्षिक बिदाको सूची तयार गर्दा महिला, तथा अन्य जनजातीर स्थानीय सरोकार लाई मध्येनजर गरी कर्मचारीहरुको लागि विदा तथा सुविधा नेपाल राष्ट्रिय समाज कल्याण संघले प्रत्येक अंग्रेजि नयाँ बर्षमा बिदा सूची (क्यालेन्डर) निकाली सोही अनुसार उपलब्ध गराइनेछ।

## १०. परियोजना तथा कृयाकलापको तह

- GESI सम्बन्धि अभिमुखिकरण संस्थाका सबै कर्मचारी, पदाधिकारीहरुलाई कम्तिमा एक पटक पाउने गरी व्यवस्थापन गरिने छ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुसार जातजाति, वर्ग तथा समुदायका आधारमा बन्चितीकरणमा परेका महिला तथा पुरुषहरुलाई तालिम तथा गोष्ठी, भ्रमण आदिमा अवसर प्रदान गरिनेछ ।
- संस्थामा गुनासो र सुझाव पेटिका राख्ने र महिनामा १ पटक खोली सुनुवाई गर्ने ।
- परियोजनाको सुरु तथा अन्त्यमा GESI मुल्याकंन गरिनेछ ।
- GESI अडिट गरिनेछ ।
- कुनै पनि परियोजनामा प्रस्तावना पेश गर्दा समावेशीकरणको आधारमा प्रसतावअरु पेस गरिनेछ ।
- GESI अन्तरगत सबैखाले तथ्याङ्कहरु स्पष्ट छुट्याईएको आधारमा राखिनेछ ।
- वन्चितीकरणमा परेका समुदायहरुको समस्या तथा सवालमा आधारित रहेर कार्यक्रमको ढाँचा तयार गरिनेछ ।
- कार्यक्रमको अनुगमन तथा मुल्याकंन गर्दा GESI को आधारमा गरिनेछ ।
- संस्थाको बार्षिक तथा त्रैमासिक उत्सव, वेभसाइट तथा ब्रोसरहरुमा महिला तथा अन्यको सफलताका कथाहरु उल्लेख गरिनेछ ।

- कुनै पनि व्यक्तिहरुको सफलताका कथा, फोटो, नाम आदी प्रकाशन एवं प्रसारण गर्दा सम्बन्धित व्यक्ति संग सहमति लिइनेछ र बालबालिकाको फोटो, विचार, प्रकाशन गर्दा अभिभावकको सहमति लिएर मात्र प्रकाशन गरिने छ ।
- फरक क्षमता भएका व्यक्तिहरुलाई प्राथमिकतामा राखी अवसर प्रदान गरिनेछ ।
- कार्यक्षेत्र छनोट गर्दा दलित, थारु तथा जनजाति, मुस्लीम र भौगोलिक रुपमा विकट क्षेत्रमा रहेकाहरुको समुदायलाई प्राथमिकता दिइनेछ ।
- लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण अनुसार लगनशिल तथा इमान्दार कर्मचारी तथा कार्यसमिति सदस्यहरुलाई पशंसापत्र प्रदान गरिनेछ ।
- सुत्केरी महिला कर्मचारीहरुलाई २ महिना सम्मको लागि विदा उपलब्ध गराइनेछ भने पुरुषको हकमा समेत लचकता अपनाइनेछ ।
- सुत्केरी महिलाहरुलाई सहज कार्य गर्नकालागि लचकता अपनाइने छ ।
- तालिम, गोष्ठि कार्यक्रम आयोजना गर्दा कामको सिजन, पाएक पर्ने ठाउँ समय आदि सबैलाई मध्यनजर गरी संचालन गर्ने ।
- ३ वर्ष मूनिका बच्चा भएका महिला सहभागीहरुलाई बच्चा हेर्ने हेरालुको व्यवस्था गरीने छ।
- नेपाल राष्ट्रिय समाज कल्याण संघले कुनै सानो अबधिका लागी श्रोत व्यक्ति छनोट गर्दा महिला, फरक क्षमता भएको व्यक्तिलाई प्राथमिकतामा राखेता पनि गुणस्तरीय व्यक्तिको हकमा सेवाग्राहीहरुको गुणस्तरतालाई ध्यानमा राखी छनोट गरीने छ ।
- कार्यक्रमको योजना गर्दा संस्थाले अपनाई रहेको ३डि (3D) बिकास दर्शनलाई आत्मसात गर्ने छ ।

## ११. अन्य व्यवस्थापन :

कार्यसमिति सदस्य, कर्मचारीहरुको दुर्व्यवहार, गुनासो सुनुवाई  कार्यान्वयनको तहमा ल्याइनेछ ।

## १२. भौतिक संरचना

- संस्थाको शौचालय निर्माण गर्दा महिला, अपाङ्गता तथा बालमैत्रि बनाइनेछ ।
- महिला कर्मचारीहरुका लागि शौचालयमा प्याड तथा डस्टबीनको व्यवस्था गरिनेछ ।

## १३. जेसि फोकल व्यक्ति

- संस्थाले अनिवार्य रुपमा जेसि फोकल व्यक्ति (GESI Focal Person) तोक्ने छ । जेसि फोकल व्यक्ति एक वर्षमा परिवर्तन गर्न सकिनेछ ।
- जेसि फोकल व्यक्ति (GESI Focal Person) लाई जेसी सम्बन्धि तालिम तथा गोष्ठिका लागी अवसर प्रदान गरिनेछ ।
- संस्थाले जेसीको जिम्मेवारी सहित जेसि फोकल व्यक्ति (GESI Focal Person) लाई कार्य बिवरण (JD) प्रदान गर्नेछ ।
- संस्थाले कुनै प्रस्तावना तयार वा पेश गर्दा जेसी फोकल व्यक्ति (GESI Focal Person) लाई पनि राखीने छ ।
- GESI अडिटको रिपोर्ट सबै कार्यसमिति, कर्मचारीहरु बिच समिक्षा गरिनेछ ।
- कुनै कर्मचारी वा कार्यसमिति काव्यक्तिहरुले प्राप्त गरेको वा सहभागि भएको तालिम, गोष्ठिबाट फर्कदा सिकाई सम्बन्धी प्रस्तुतीकरण संस्थामा गर्नु पर्नेछ ।
- जेसी फोकल व्यक्ति (GESI Focal Person) को नाम, ठेगाना, योग्यता, फोन नं, इमेल सबै संस्थाका सरोकारवालाहरुलाई प्रदान गरिने छ ।

## १४. नितिको कार्यान्वयन क्षेत्र

यो निति कार्यसमिति सदस्य, निर्देशक, कर्मचारी, सम्पुर्ण साधारण सदस्य तथा व्यवस्थापनका लागि बनाइएको सबै समितिका लागी लागुहुनेछ ।

## १५. पारदर्शिता र जवाफदेहिता

यस निति संस्थाको पारर्दशिता र जवाफदेहिताको वातावरण श्रृजना गर्नका लागी लागु गरिनेछ । संस्थाले विगतका वर्ष देखि नै पारदर्शिता तथा जवाफदेहिताका लागि कार्य गर्दै आईरहेको छ यसर्थ यस नितिले संस्थामा पारदर्शिता तथा सुशासन कायम गरी लैङ्गिक समानता र न्यायोचित वातावरण निर्माणका लागि महत्वपुर्ण भुमिका निर्वाह गर्नेछ । साथै यस नितिले सार्वजनिक हितका लागी लैङ्गिक समावेशीकरणको दृष्टिकोणवाट स्थानिय तहलाई पारदर्शी एवं जवाफदेहि बनाउनका लागी प्रभावकारी रुपमा समन्वयकारी भुमिका समेत निर्वाह गर्न सहयोग गर्नेछ ।

## १६. आचार संहिता, बाल सुरक्षा, दुराचार तथा गुनासो नीति

GESI Policy 2018 संग सम्बन्ध रहने यस बुदामा उल्लेखित नीतिहरुमा NNSWA कर्मचारी नियमावली २०१८ को संस्थागत आचार संहिता अनुसूची-२२, बाल सुरक्षा नीति अनुसूची-२३, यौन दुराचार नीति अनुसूची-२४ र कर्मचारी गुनासो नीति अनुसूची-२५ मा उल्लेख भए अनुसार संस्थाले व्यवस्थापन गर्ने गराउने छ ।

## १७. नीति परिमार्जन

यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७५ (GESI Policy 2018) आवश्यक्ता अनुसार समय साक्षेप परिमार्जित हुदैजाने छ ।